पत्रकारिता 'पाँचौवेद' हो, यसले ज्ञान, विज्ञान सम्बन्धी जानकारी गराई बन्द भएको मस्तिष्कको बाटो खोल्दछ

# सर्व राष्ट्रिय

SARWA RASTRIYA DAINIK

दैनिक

बर्ष : १२ अंक : २०६ बि.सं. २०८२ साल चैत ०९ गते सोमवार मूल्य – ५ रूपैयाँ पृष्ठ ४ March 23 2026

## हरि खेतानका विद्यार्थीहरूको प्रदर्शनले वीरगंज दिनभर अशान्त

# ३ बुँदे निर्णयपछि आन्दोलन स्थगित

*वीरगन्ज, चैत ८*



वीरगन्ज-१० स्थित हरि खेतान बहुमुखी क्याम्पसका विद्यार्थीहरुको प्रदर्शनका कारण वीरगन्ज आइतबार दिनभर अशान्त बन्न पुग्यो। क्याम्पसका शिक्षकहरुको आन्दोलनका कारण परीक्षा दिन नपाएपछि आक्रोशित विद्यार्थीहरुले बिहानै देखि सडकमा उत्रिएर धर्ना र प्रदर्शनका साथै तोडफोड गरेका कारण वीरगन्ज दिनभर अशान्त बन्न पुग्यो ।

क्याम्पसको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुको परीक्षा आइतबारदेखि सञ्चालन हुने कार्यतालिका क्याम्पस प्रशासनले सार्वजनिक गरेको थियो । तर आइतबार बिहान परीक्षा दिन विद्यार्थीहरु क्याम्पसमा पुग्दा क्याम्पस प्रशासनले शिक्षकहरुको आन्दोलनका कारण परीक्षा स्थगीत गरिएको भन्दै विद्यार्थीहरुलाई मूल गेटमै रोकेको थियो ।

त्यसपछि आक्रोशीत विद्यार्थीहरुले क्याम्पसको गेट अगाडि प्रदर्शन गर्ने क्रममा स्थिती तनावपूर्ण भएपछि प्रहरीले लाठी चार्ज गर्नुका साथै तीन जना विद्यार्थीहरुलाई नियन्त्रणमा लिएको थियो ।लाठी चार्जबाट एक विद्यार्थी घाइते भएपछि झनै आक्रोशीत बनेका विद्यार्थीहरुले क्याम्पस अगाडि नाराबाजीसहित प्रदर्शन गरे ।

त्यसपछि नारबाजी गर्दै घण्टाघर चोकमा पुगेका उनिहरुले सडकमै धर्ना बसेर सडक अवरुद्धपनि पारे ।सडकमा टायर पनि बालेका विद्यार्थीहरुसंग प्रहरीको घम्साघम्सीपनि भयो ।त्यसपछि उनिहरु नाराबाजी गर्दै नजिकैको जिल्ला प्रशासन कार्यालय पर्सामापनि पुगे । तर त्यहाँ तैनाथ सुरक्षाकर्मीले गेटमै रोकेपछि थप आक्रोशीत भएका विद्यार्थीहरु पुन क्याम्पसमा पुगेर प्रदर्शन गरे। क्याम्पस अगाडिको सडकमा टायर बालेर नाराबाजी गरेका उनिहरुले क्याम्पसको बसमा पनि तोडफोड गरे । यसका साथै उनिहरुले शहर सौन्दर्यकरणका लागि सडकको फुटपाथमा रोपिएका रुखबिरुवाहरुपनि भाँचेका थिए ।

त्यहिक्रममा क्याम्पस प्रमुखलाई क्याम्पसबाट भगाएको आरोप लगाउँदै उनिहरुले एक युवकलाई घेरा हालेर निर्घात कुटपिटपनि गरेका थिए । विद्यार्थीहरुको प्रदर्शन उग्र बन्दै गएपछि शहरभरि बाक्लो संख्यामा नेपाल र सशस्त्र प्रहरी परिचालन

**बाँकी अन्तिम पृष्ठमा**

## कोइलाको धुलोले स्थानीयलाई हैरान



*वीरगञ्ज, चैत ८*

वीरगञ्जस्थित सुख्खा बन्दरगाहामा कोइला ह्यान्डलिङ गर्ने तरिकामा आएको परिवर्तनले समस्या थपिएको छ । अहिले कोइला सीधै नेपालभित्रै अनलोड हुन थालेपछि त्यहाँ वरपरका बासिन्दाहरू समस्यामा परेका छन् ।

यसअघि रेलमार्फत आउने कोइला भारतको रक्सौल रेल्वे यार्डमा अनलोड हुन्थ्यो। तर, अहिले सो प्रणाली परिमार्जन गर्दै कोइला सीधै बन्दरगाह वीरगञ्जमै अनलोड गर्न थालिएको छ, जसले गर्दा धुलो प्रत्यक्ष रूपमा मानव बस्ती नजिक फैलिरहेको छ।

स्थानीय प्रकाश तिवारीले बताए अनुसार, दैनिक रूपमा घर, सडक र वरपरका क्षेत्रमा कालो धुलो जमिरहेको छ । हावामा लगातार प्रदूषण रहँदा सास फेर्न गाह्रो हुने समस्या बढेको छ।

यस विषयमा मुख्य रूपमा नेपाल इन्टर मोडेल ट्रास्पोर्ट विकास बोर्डमाथि प्रश्न उठन थाल्न लागेको छ ।

कोइला जस्ता धुलो उत्पन्न गर्ने सामग्रीको व्यवस्थापनका लागि प्रयोग गरिने संरचनाहरू बस्तीबाट टाढा राख्नु पर्ने तिवारी बताउँछन् ।

वीरगञ्ज वडानम्बर २५ का वडाअध्यक्ष आशुतोष चतुर्वेदीले

**बाँकी अन्तिम पृष्ठमा**

# मिटरब्याज पीडित आन्दोलित

*रौतहट, चैत ८*



साहु-महाजनहरूको ज्यादतीविरुद्ध रौतहटका विभिन्न स्थानमा आन्दोलन सुरु गरेका छन्। विशेषगरी किसान, मजदुरहरू अत्यधिक ब्याजदरमा ऋण लगानी गर्ने साहुसँग पीडित छन्। सर्वसाधारणलाई शोषण गरिएको आरोप लगाउँदै आन्दोलनकारीहरूले आइतबार चन्द्रनिगाहपुरमा पत्रकार सम्मेलन गरेर पीडितहरूले आफ्ना मागहरू सार्वजनिक गरेका छन्। आन्दोलनमा सहभागी किसान तथा मजदुरहरूले मिटरब्याजी प्रथाका कारण आफूहरू गम्भीर आर्थिक संकटमा परेको बताए। 'सानो रकम ऋण लिँदा पनि अत्याधिक ब्याज तिर्नुपर्ने बाध्यता रहेको छ, जसका कारण धेरैले आफ्नो जग्गा-जमिन समेत गुमाउनु परेको अवस्था रहेको छ, मिटरब्याज पीडित नारायण घिमिरे भन्छन्, 'साहु-महाजनमाथि कडा कानुनी कारबाही गर्न हुनुपर्छ।'

पीडितहरूको ऋण

**बाँकी अन्तिम पृष्ठमा**

## सवारी दुर्घटनाबाट पर्सामा आठ महिनामा १४ जनाको मृत्यु

*वीरगंज, चैत ८*

चालू आर्थिक वर्ष ०८२/८३ को आठ महिनामा पर्सामा सवारी दुर्घटनामा परेर १४ जनाको मृत्यु भएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका अनुसार नौ पुरुष र पाँच महिला गरी १४ जनाले ज्यान गुमाएका हुन्।




सवारी दुर्घटनामा ज्यान गुमाउनेमा अधिकांश मोटरसाइकलचालक र पछाडि सवार भएकाहरू छन्। युवा उमेरका चालकले अनियन्त्रित गतिमा क्षमताभन्दा बढीका मोटरसाइकल चलाएका कारण दुर्घटनामा पर्ने गरेको प्रहरी निरीक्षक युवराज कटुवालले बताए ।

उनका अनुसार गत आर्थिक वर्ष ०८१/८२ मा सवारी दुर्घटनामा परी जिल्लामा ४७ जनाले ज्यान गुमाएका थिए । जसमा दुई

**बाँकी अन्तिम पृष्ठमा**

## चैती छठ आजदेखि विधिवत रूपमा सुरु



*वीरगन्ज, चैत ८*

मधेसमा श्रद्धा र निष्ठापूर्वक मनाइने चैती छठ पर्ब विधिवत रुपमा आज (आइतबार)देखि सुरु भएको छ। चैत शुक्ल चतुर्थी (चौथी) देखि सप्तमीसम्म चार दिन विभिन्न विधिसाथ मनाइने पर्बको पहिलो दिन आज ब्रतालुले 'नहाय-खाय' (पवित्र स्नान गरेर शुद्ध खाने) विधिबाट पर्ब प्रारम्भ गर्दैछन्। पर्बको पहिलो दिन पवित्र स्नान गरेर व्रत सङ्कल्प गरी

**बाँकी अन्तिम पृष्ठमा**

## गगनको राजीनामा अस्वीकार

*काठमाडौं, चैत ८*

नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले निर्वाचनमा पार्टी हारको नैतिक जिम्मेवारी दिँदै पदबाट दिएको राजीनामा पार्टी केन्द्रीय कार्यसमितिको बैठकले अस्वीकार गरेको छ ।

शुक्रबार र आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले गगनको राजीनामा अस्वीकार गर्ने प्रस्ताव पारित गरेको हो । उपसभापति विश्वप्रकाश शर्माले सभापतिको राजीनामा अस्वीकार गर्ने प्रस्ताव बैठकमा पेश गरेका थिए ।

उक्त प्रस्ताव अस्वीकार भएको प्रवक्ता देवराज चालिसेले जानकारी दिएका छन् ।

'सभापति श्री गगनकुमार थापाले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामलाई लिएर यसको नैतिक जिम्मेवारी लिँदै

**बाँकी अन्तिम पृष्ठमा**

## दम्पती झुन्डिएको अवस्थामा फेला

*वीरगंज, चैत ८*

वीरगन्ज महानगर पालिकाको भानुचोकमा रहेको एक लजमा आइतबार बिहान झुन्डिएको अवस्थामा एक भारतीय दम्पती फेला परेका छन् ।

नवदुर्गा लजमा तीन दिनदेखि बस्दै आएका भारतीय दम्पती झुन्डिएको अवस्थामा फेला परेका जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

प्रहरीका अनुसार ४० वर्षीय श्रीमान् र ३५ वर्षीया श्रीमती लजको रुममा झुन्डिएको अवस्थामा देखेपछि होटल सञ्चालकले प्रहरीलाई

**बाँकी अन्तिम पृष्ठमा**




ग्याँस सम्बन्धी सम्पूर्ण स्पेयरपार्टस तथा मनोज ग्याँस होम डेलिभरीको व्यवस्था छ ।

न्यु वि.एस ट्रेडर्स

भवानी अस्पताल संगै लिङ्क रोड,सम्पर्क फोन नं. ५२५००१, ९८५५०२०६२८



# सफलताको सूत्र- शक्ति संघर्षको व्यवस्थापन

**टंकमणि शर्मा दंगाल**

नेपालमा हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामले परम्परागत राजनीतिक शक्तिको दलगत वर्चस्वलाई विस्थापित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई अभूतपूर्व जनमत प्रदान गरेको छ। यो जित केवल एउटा नयाँ दलको उदय मात्र होइन, बरु दशकौँदेखिको कुशासन, संस्थागत भ्रष्टाचार र सेवा प्रवाहविहीन प्रशासनिक जडताप्रतिको सामूहिक नागरिक विद्रोह हो। झन्डै दुईतिहाइको यो 'नीलो लहर'ले नयाँ सरकारका लागि इतिहास रच्ने मार्ग प्रशस्त गरेको छ। तर, यससँगै सिर्जित उच्च जनअपेक्षाको व्यवस्थापन गर्नु नै अबको सबैभन्दा ठूलो र कठिन परीक्षा हुने देखिन्छ।

वर्तमानमा नेपाल बहुआयामिक संकटको भुमरीमा छ। आर्थिक रूपमा देश गतिहीनताको अवस्थामा छ। उत्पादनमा आधारित अर्थतन्त्रको अभावमा युवा जनशक्तिको बौद्धिक पलायन र श्रम पलायन भइरहेको छ। वित्तीय घाटा र व्यापार घाटा चुलिँदो छ। प्रशासनिक रूपमा कर्मचारीतन्त्रीय ढिलासुस्ती र प्रक्रियामुखी कार्यशैलीले गर्दा सामान्य नागरिकले राज्यको उपस्थिति महसुस गर्न पाएका छैनन्। राजनीतिक रूपमा संघीयताको मर्म अनुसार अधिकारको विकेन्द्रीकरण हुनुको साटो बिचौलियातन्त्रले नीतिगत भ्रष्टाचारलाई संस्थागत गरेको छ। यी विद्यमान समस्याहरूलाई संरचनागत सुधारमार्फत हल गर्न नसके यो नयाँ जनमत केवल अंकगणितमा मात्र सीमित हुने जोखिम रहन्छ।

***ऐतिहासिक र समसामयिक सन्दर्भ***

प्रशासनिक रूपमा कर्मचारीतन्त्रीय ढिलासुस्ती र प्रक्रियामुखी कार्यशैलीले गर्दा सामान्य नागरिकले राज्यको उपस्थिति महसुस गर्न पाएका छैनन्। ऐतिहासिक र समसामयिक सन्दर्भले के देखाउँछ भने विश्वभर नै शक्तिशाली बहुमतका सरकारहरू जनअपेक्षा अनुरूपको नतिजा दिन नसकेर राजनीतिक पतनको सिकार भएका छन्। नेपालको राजनीतिक इतिहासमा शक्तिशाली जनमत र गणितीय बहुमतले मात्र स्थायित्व र सुशासनको ग्यारेन्टी गर्न सकेको छैन।

वि.सं. २०१६ को बीपी कोइरालाको सरकारदेखि २०७४ को नेकपा सरकारसम्म आइपुग्दा ती सबै आन्तरिक संघर्ष र गुटबन्दीका कारण असफल भए। पछिल्लो समय २०८१/८२ मा बनेको कांग्रेस-एमालेको सरकारसमेत कुशासनका कारण २०८२ भदौमा जेन-जी विद्रोहबाट विस्थापित भयो। यसले के पुष्टि गर्छ भने सत्ताको आयु संख्यामा होइन, शासनको नैतिकता र जनमुखी कार्यशैलीमा निर्भर हुन्छ।

अन्तर्राष्ट्रिय परिदृश्यमा पनि यस्तै प्रवृत्ति देखिन्छ। बेलायतमा सन् २०१९ मा बहुमत ल्याएका बोरिस जोन्सन 'पार्टीगेट' र आन्तरिक कलहले बाहिरिए भने उनीपछिकी लिज ट्रस आर्थिक कुव्यवस्थापनका कारण ४५ दिनमै बाहिरिइन्। श्रीलंकामा अत्यधिक बहुमतको राजापाक्षे सरकार लोकप्रियतावाद र अदूरदर्शी आर्थिक नीतिका कारण राज्य पतनको अवस्थामा पुग्यो। भारतमा सन् १९८४ मा राजीव गान्धी र १९७७ मा मोरारजी देसाई नेतृत्वको पार्टीको सरकार नेताहरूको आपसी अहम् र गुटगत राजनीतिले गर्दा ढल्यो। अस्ट्रेलियामा विगत डेढ दशकमा केभिन रुड र टोनी एबोट जस्ता प्रधानमन्त्रीहरू पार्टीभित्रका असन्तुष्टिका कारण कार्यकाल पूरा गर्न नपाई फालिए। बंगलादेशमा शेख हसिनाको शासन सन् २०२४ मा लोकप्रिय जनविद्रोहबाट अन्त्य भयो। यसले के पुष्टि गर्छ भने संसदीय व्यवस्थामा गणितीय बहुमत मात्र होइन, आन्तरिक एकता र नतिजा नै निर्णायक हुन्छ।

***राजनीतिक दलभित्रको शक्ति संघर्ष : रास्वपाका लागि चेतावनी***

नेपालको राजनीतिक इतिहासमा दलभित्रको आन्तरिक कलहले पटक-पटक अस्थिरता निम्त्याएको छ। २०४८ पछिको बहुदलकालमा नेपाली कांग्रेसले स्पष्ट बहुमत पाउँदा पनि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार आफ्नै दलभित्रको भीषण अन्तरद्वन्द्व र 'छत्तिसे' तथा 'चौहत्तरे' जस्ता गुटबन्दीका कारण पूर्ण कार्यकाल टिक्न सकेन। त्यस्तै, वि.सं. २०५४ मा नेकपा एमाले विभाजित भई वामदेव गौतमको नेतृत्वमा नेकपा माले गठन भयो, जसको प्रत्यक्ष असर तत्कालीन राजनीतिमा पर्‍यो। दसवर्षे जनयुद्धपछि शान्ति प्रक्रियामा आएको नेकपा (माओवादी) पनि विभिन्न गुट-उपगुटमा विभाजित भयो। मधेशवादी दलहरू त विभाजनको शृंखलाले गर्दा यति छिन्नभिन्न भए कि २०८२ को निर्वाचनमा ती शक्तिहरू शून्य सिटको अवस्थामा पुगे।

पछिल्लो चरणमा नेपाली कांग्रेसभित्रको असन्तुष्टिका कारण विशेष महाधिवेशनमार्फत शेरबहादुर देउवाको पुरानो नेतृत्व विस्थापन भएको सन्दर्भ, नेकपा एकीकृत समाजवादीको फुट र नेकपा माओवादी केन्द्रसँग एकता गरी नेकपा गठनको प्रक्रिया, नेकपा माओवादी केन्द्रबाट जनार्दन शर्मा लगायतका नेताहरूको बहिर्गमन– यसले दलहरूभित्रको गम्भीर व्यक्तिगत टकराव र शक्ति संघर्षलाई उजागर गर्छ। रास्वपाका प्रभावशाली नेताहरू सुमना श्रेष्ठ र सन्तोष परियारको बहिर्गमनले पनि नयाँ शक्तिहरूभित्र समेत शक्ति सन्तुलनमा चुनौती रहेको संकेत गरेको छ। यस्ता आन्तरिक द्वन्द्वले राजनीतिक दलहरूलाई मात्र होइन, सरकार सञ्चालन, राज्य व्यवस्थापन र समग्र राष्ट्रिय हितमा नै ठूलो कुठाराघात पुर्‍याउने गरेको छ।

यसै सन्दर्भमा, रास्वपाभित्र पनि अहिले पार्टी स्थापनाकालदेखिका सभापति रवि लामिछाने र हालै प्रवेश गरेका वरिष्ठ नेता बालेन शाह (वा अन्य नेताहरू) बीच व्यक्तित्व वा शक्तिको टकराव आयो भने त्यो नेपाली राजनीतिक इतिहासमा अर्को एउटा ठूलो धोका साबित हुनेछ। जनमतको कदर र परिवर्तनको रक्षाका लागि रास्वपाका नेता तथा कार्यकर्ताहरू यस्तो सम्भावित अहम्-टकराव र शक्ति संघर्षप्रति निकै सजग हुनु अनिवार्य देखिन्छ। रास्वपाभित्रको आन्तरिक शक्ति सन्तुलन र कार्यशैलीमा सभापति रवि लामिछाने र बालेन शाह जस्ता पात्रहरूले आफूलाई लोकप्रियतावादी नेताबाट परिपक्व राजनेतामा रूपान्तरण गर्नुपर्ने चुनौती छ।

***सफल सरकारका सूत्रहरू***

नेपाली जनताले उम्मेदवारहरूको अनुहार मात्र नहेरी यस घोषणापत्रमा विश्वास गरेर मतदान गरेकाले, निर्वाचित भएपछि पार्टी र सरकारका कामहरू अन्य नयाँ कुराभन्दा पनि जनताद्वारा अनुमोदित यही 'करारनामा' मा आधारित हुनुपर्छ ।निर्वाचनअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले 'वाचापत्र' वा 'करारनामा' को संज्ञा दिँदै सार्वजनिक गरेको घोषणापत्र नै यसको कार्यसम्पादनको मुख्य आधार हो। नेपाली जनताले उम्मेदवारहरूको अनुहार मात्र नहेरी यस घोषणापत्रमा विश्वास गरेर मतदान गरेकाले, निर्वाचित भएपछि पार्टी र सरकारका कामहरू अन्य नयाँ कुराभन्दा पनि जनताद्वारा अनुमोदित यही 'करारनामा' मा आधारित हुनुपर्छ। यसका एजेन्डाहरू कति व्यावहारिक वा कार्यान्वयनयोग्य थिए भन्ने कुरा पार्टीको आन्तरिक विषय होला, तर जनताले अब यिनै आधारमा पार्टीको मूल्यांकन गर्ने भएकाले रास्वपा सचेत रहनुपर्छ।

रास्वपाको मुख्य एजेन्डा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको अवधारणा, संवैधानिक निकायमा गैरदलीय विज्ञको नियुक्ति र 'राइट टु रिकल' एवं 'राइट टु रिजेक्ट' को कानुनी सुनिश्चितताना केन्द्रित छ। यस प्रस्तावका साथै, पूर्णतः निष्पक्ष (गैरराजनीतिक) राष्ट्रपतिसहितको शासकीय सुधार, प्रदेश परिषद्को व्यवस्था गरिएको छ। शक्तिशाली स्वतन्त्र निकायमार्फत विगतका घोटालाहरूको छानबिन र 'डिजिटल फर्स्ट' नीति अवलम्बन गर्दै सरकारी सेवालाई पूर्णतः कागजविहीन र झन्झटरहित बनाउने लक्ष्य यसले लिएको छ।

शिक्षा र स्वास्थ्यलाई राज्यको आधारभूत जिम्मेवारी मान्दै यसले 'सिंगल पेयर हेल्थकेयर' मोडेलमार्फत स्वास्थ्य बिमालाई एकीकृत गर्ने र प्रत्येक पालिकामा गुणस्तरीय 'स्मार्ट स्कुल' सञ्चालन गर्ने योजना अघि सारेको छ। आर्थिक रूपमा यसले खुला बजार अर्थतन्त्र, वैदेशिक लगानीको सरलीकरण र युवाहरूका लागि 'बीउ पुँजी' मार्फत स्वदेशमै रोजगारी सिर्जना गर्ने वाचा गरेको छ। समग्रमा, प्रविधिमैत्री सेवा प्रवाह र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउँदै विद्यमान राजनीतिक अवस्थाको रूपान्तरण गर्ने नै यसको मूल लक्ष्य उल्लेख छ। राज्यको शासकीय स्वरूपसँग सम्बन्धित विषयहरूमा संविधान संशोधन आवश्यक हुन्छ, जसमा रास्वपा सचेत रहेको मानिएको छ।

अब बन्ने सरकारले विगतका गल्तीबाट सिक्दै केही ठोस 'सफलताका सूत्रहरू' अवलम्बन गर्नु अनिवार्य छ। सबैभन्दा पहिले, सरकारले योग्यता प्रणालीलाई मूल मन्त्र बनाउनुपर्छ। विगतमा जस्तो 'आफ्ना' मान्छे भर्ती गर्ने परम्परा तोडेर परिणाममुखी प्रशासनिक पात्रहरूलाई जिम्मेवारी दिनुपर्छ। दोस्रो, सरकारी सेवालाई पूर्णतः डिजिटलाइज गरी व्यक्तिरहित र कागजरहित बनाउनुपर्छ ताकि भ्रष्टाचारको जरा नै काटियोस्। तेस्रो, आर्थिक सुधारका लागि विज्ञहरूको खाका अनुसार उत्पादन र निर्यातमा जोड दिँदै वैदेशिक लगानी भित्र्याउने वातावरण बनाउनुपर्छ। चौथो, कानुनी शासनको कडाइका साथ पालना गराउनुपर्छ, जहाँ शक्ति र पहुँचका आधारमा कसैले उन्मुक्ति नपाओस्।

अन्ततः नयाँ सरकारका लागि चुनौती धेरै भए पनि अवसरहरू ऐतिहासिक छन्। जनतामा देखिएको उत्साहलाई निराशामा बदल्न नदिन सरकारले पहिलो १०० दिनमा देखिने गरी परिवर्तनको महसुस गराउनुपर्छ। नयाँ सरकारको कार्यकाल केवल सत्ता सञ्चालनको अवधि मात्र नभई जनतामा 'राज्य छ' भन्ने भरोसा जगाउने र आगामी ५ वर्षको मार्गचित्र कोर्ने पूर्वपरीक्षण पनि हो। प्रक्रियामा अलमलिने कर्मचारीतन्त्रलाई कार्यसम्पादनमा आधारित प्रणालीमा ढाल्दै, दलगत स्वार्थभन्दा माथि उठेर 'राष्ट्र प्रथम' को सोच राख्न सके मात्र नेपालको यो नयाँ राजनीतिक प्रयोग सफल हुनेछ। अन्यथा, इतिहासले अर्को एउटा असफल सरकारका रूपमा मात्र यसलाई लिपिबद्ध गर्ने निश्चित छ। विगतका शक्तिशाली सरकारहरू जुन चक्रमा फसेर असफल भए, त्यसबाट जोगिन रास्वपा नेतृत्वको नयाँ सरकारले केही सुरक्षा कवच अपनाउनु अनिवार्य छ।

***नयाँ सरकारको सुरक्षा कवच***

नागरिक निगरानी र सार्वजनिक सुनुवाइलाई संस्थागत गरिनुपर्छ। अन्त्यमा, सरकारले दुईतिहाइको सामर्थ्य देखाउनुको सट्टा प्रतिपक्षसँग रचनात्मक सहकार्य गर्नुपर्छ। राष्ट्रिय महत्त्वका विषय र परराष्ट्र नीतिमा प्रतिपक्षलाई विश्वासमा लिँदा मात्र निर्णय प्रक्रिया परिपक्व हुन्छ र लोकतान्त्रिक व्यवस्था सुदृढ बन्छ।नयाँ सरकारको स्थिरता र सफलताका लागि सबैभन्दा पहिले आन्तरिक लोकतन्त्र र बहिर्गमन रणनीतिको सुनिश्चितता हुनुपर्छ। विगतका बहुमतका सरकारहरू ढल्नुको मुख्य कारण दलभित्रको व्यक्तिवादी सोच र शक्ति केन्द्रको टकराव रहेको सन्दर्भमा, अब नेतृत्वले खुला छलफललाई प्रश्रय दिँदै 'कार्यसम्पादन नभए पद छोड्ने' संस्कृति बसाल्नु आवश्यक छ। यसले गर्दा कुनै पनि व्यक्ति संस्थाभन्दा ठूलो हुन पाउँदैन। त्यसैगरी, सरकारको छवि स्वच्छ राख्न स्वार्थको द्वन्द्व व्यवस्थापनमा कठोर हुनुपर्छ। विगतमा जस्तो स्वार्थ बाझिने व्यक्तिलाई सम्बन्धित मन्त्रालयको जिम्मेवारी दिने (जस्तैः ठेकेदारलाई पूर्वाधार वा म्यानपावर व्यवसायीलाई श्रम मन्त्रालय) गल्ती सुधार गरी कडा आचारसंहिता लागू गर्नुपर्छ।

सरकारको कार्यक्षमता बढाउन राजनीतिक भागबन्डाको सट्टा विज्ञतामा आधारित नियुक्तिलाई प्राथमिकता दिनुपर्छ। रणनीतिक निकायहरूमा 'आफ्ना' मान्छे भर्ती गर्ने प्रवृत्ति त्यागेर दक्ष विज्ञहरूको स्वतन्त्र सूचीबाट नियुक्ति गर्ने परिपाटीले मात्र सुशासन सम्भव छ। यसका साथै, प्रधानमन्त्री र मन्त्रीहरूले नियमित रूपमा प्रत्यक्ष जनताका प्रश्नहरूको सामना गर्नुपर्छ। नागरिक निगरानी र सार्वजनिक सुनुवाइलाई संस्थागत गरिनुपर्छ। अन्त्यमा, सरकारले दुईतिहाइको सामर्थ्य देखाउनुको सट्टा प्रतिपक्षसँग रचनात्मक सहकार्य गर्नुपर्छ। राष्ट्रिय महत्त्वका विषय र परराष्ट्र नीतिमा प्रतिपक्षलाई विश्वासमा लिँदा मात्र निर्णय प्रक्रिया परिपक्व हुन्छ र लोकतान्त्रिक व्यवस्था सुदृढ बन्छ।

रास्वपाको आगामी राजनीतिक यात्रा र शासकीय सफलताको मुख्य आधार यसको आन्तरिक शक्ति सन्तुलन र कार्यशैलीमा निहित छ। वर्तमान समयमा पार्टीका नेताहरूमा राजनीतिक चामत्कारिकता मात्र नभई जिम्मेवारीबोधसहितको कार्यकुशलता झल्किनु अनिवार्य देखिन्छ। विगतका कतिपय संसदीय अभ्यासहरूमा देखिएका अपरिपक्वताबाट पाठ सिक्दै आगामी दिनमा युवा सांसदहरू थप गम्भीर र जिम्मेवार बन्नु आजको आवश्यकता हो। लोकप्रियतालाई प्रशासनिक संयम, लोकतान्त्रिक संवाद र विधिको शासनसँग सन्तुलन गर्दै संस्थागत पद्धतिमा ढाल्नु आवश्यक छ। विगतको 'निषेधको राजनीति' ले मुलुकलाई निकास दिन नसकेको यथार्थलाई मनन गर्दै नयाँ शक्तिले पुराना दलहरूप्रति पूर्वाग्रही हुनुको साटो 'प्रतिशोध होइन, प्रणाली' स्थापनामा जोड दिनुपर्छ।

पुराना नेताहरूको अनुभव र संसदीय ज्ञानलाई सम्मान गर्दै 'सहमति र सहकार्य' को संस्कृति विकास गर्नु नै राजनीतिक परिपक्वताको परिचायक हुनेछ। साथै, अनुभवी प्रशासक, कूटनीतिज्ञ र कानुनी विज्ञहरूको सल्लाहकार समूह निर्माण गरी स्थापित प्रक्रियाहरू मिचिने गल्तीबाट बच्नुपर्छ। प्रत्येक सांसदले सार्वजनिक जीवन र संसदमा समय, सभ्यता, सत्यता, संयम र सक्रियता जस्ता '५ स' को सूत्रलाई आत्मसात् गर्नुपर्छ। 'म यहाँ पद भोग्न होइन, पद्धति बदल्न आएको हुँ, मेरो प्रत्येक हस्ताक्षरले देशको भविष्य कोर्छ' भन्ने संकल्प नै उनीहरूको मूल मन्त्र हुनुपर्छ। अन्ततः, नयाँ जोस र जाँगरलाई ठोस कार्यसम्पादनमा बदल्दै 'हामी सिक्दै र सुधार गर्दै अघि बढ्छौँ' भन्ने विनम्रता प्रदर्शन गर्नु नै जनविश्वास आर्जन गर्ने र नेतृत्वको विश्वसनीयता स्थापित गर्ने अचुक सूत्र साबित हुनेछ। सभार/ईकान्तिपुर

# खाडीमा युद्धको झट्का, काठमाडौंको आकाशमा तरंग

***काठमाडौँ, चैत ८***

संयुक्त राज्य अमेरिका र इजरायलले इरानमा गरेको सैन्य आक्रमणपछि पश्चिम एसियामा चर्किएको द्वन्द्वको प्रत्यक्ष आवाज नेपालसम्म नआए पनि यसको गहिरो कम्पनले पछिल्ला २१ दिनयता नेपाली आकाशले दिनहुँ करोडौं रुपैयाँ बराबरको आर्थिक क्षति बेहोरिरहेको छ। यसले देशको उड्डयनमा आश्रित व्यापारलाई दबाबमा पारेको छ।

नेपालको अन्तर्राष्ट्रिय उड्डयन व्यापारमा प्रत्यक्ष जोडिएका नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स र काठमाडौं विमानस्थलले दिनहुँ कम्तीमा ७ करोड रुपैयाँका दरले २१ दिनयता १ अर्बभन्दा बढीको कारोबार गुमाइसकेको यी निकायले बताएका छन्। नेपालबाट निर्यात हुने हवाई कार्गो ढुवानीमा कम्तीमा २५ प्रतिशतले भाडा वृद्धि भएको पनि सरोकारवालाको भनाइ छ।

खाडी क्षेत्रमा दिनहुँ भइरहेको हवाई हमलाले नियमित उडान अवरुद्ध हुँदा नेपालका हवाई व्यवसायीहरूमा अनिश्चितता र चिन्ता गहिरिँदै गएको छ। यो संकट कति लामो समयसम्म रहन्छ, स्पष्ट नभइरहेका बेला उड्डयन आश्रित नेपाली व्यवसायी एक दशकयता भोगेका कठिन अनुभव सम्झन फेरि बाध्य भएका छन्। चाहे त्यो ७ वर्षअघिको कोभिड महामारीका बेला देखिएको आर्थिक गतिरोध होस् वा ११ वर्षअघि भारतले नेपालमा लगाएको आर्थिक नाकाबन्दीका कारण उत्पन्न आपूर्ति संकट र त्यसै बेलाको भूकम्पपछि देखिएको व्यापक आर्थिक असर।

अहिलेको अवस्था पनि ती घटना जस्तै दीर्घकालीन र गम्भीर प्रभाव पार्ने खालको हो कि भन्ने आशंका व्यवसायीले व्यक्त गर्न थालेका छन्। 'हाम्रो यो मार्च अवधिको ब्यालेन्स-सिट पूरै गोलमाल हुनेछ,' खाडीका कतार, दुबई र दमाममा कुल हवाई व्यापारको ८० प्रतिशत आश्रित हिमालय एयरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले कान्तिपुरसँग भने, 'हामीले भूकम्प, नाकाबन्दी र कोभिडमा नराम्रो व्यापार घाटा बेहोर्‍यौं। अहिले त्यसै बेलाको जस्तो परिस्थिति आइपर्ने हो कि भन्ने चिन्ता छ। तर यो युद्ध कति दिन जान्छ। त्यसैले नाफा-घाटा निर्धारण गर्नेछ।'

१६ फागुनको दिउँसो इरानमा हमला भएपछि खाडी क्षेत्रका कतार, संयुक्त अरब इमिरेट्स (यूएई), कुवेत, इरान, इराक, इजरायल, जोर्डन, लेबनान र बहराइन गरी नौ देशले त्यसै दिनदेखि आफ्ना आकाशमाथिबाट हुने व्यावसायिक उडानमा रोक लगाए। यी मुलुकले व्यावसायिक उडानमा लगाएको प्रतिबन्ध अझै पूर्ण खुला भइरहेको छैन।

खाडी क्षेत्रका कतारको दोहा, साउदी अरबको दमाम, कुवेत र यूएईका दुबई र शारजाहबाट नेपालका लागि दिनहुँ कम्तीमा १ दर्जन उडान हुँदै आएका थिए। कतारको दोहा, साउदीको दमाम, दुबई र कुवेतका लागि नेपालबाट हिमालय एयरलाइन्सले उडान गर्दै आएको थियो। नेपाली ध्वजावाहक नेपाल वायुसेवा निगमले पनि दोहा, दमाम र दुबईका लागि व्यावसायिक यात्रु उडान गर्दै आएको थियो। खाडीका कुवेतको जजिरा र कुवेत एयरवेज, यूएईबाट एयर अरेबिया, फ्लाई दुबई तथा दोहाबाट कतार एयरवेजले नेपालका लागि उडान गर्थे।

यी वायुसेवा बन्द भएपछि अहिले काठमाडौंमा रहेका टिकट काउन्टर तथा ट्राभल एजेन्सीका कार्यालयमा दिनहुँ टिकट फिर्ता या पुनर्तालिका गराउन यात्रुको भीड देखिन्छ। नक्सालमा रहेको कतार एयरवेज, गैरीधारामा रहेको हिमालय र न्युरोडमा रहेको नेपाल वायुसेवा निगमका टिकट काउन्टरमा अतिरिक्त सुरक्षाकर्मी राखेर यात्रुहरूको व्यवस्थापन गरिँदै आएको छ। वायुसेवा कम्पनीहरूले पछिल्ला दिन दिनहुँजसो सूचना सार्वजनिक गर्दै उडान तालिकाबारे आआफ्ना अपडेट सार्वजनिक गर्दै आएका छन्। काठमाडौं विमानस्थलले शुक्रबारसम्म २२ पटक खाडी उडानबारे सूचना सार्वजनिक गरिसकेको छ।

अघिल्लो वर्ष १७ अर्ब रुपैयाँको कारोबार गरेको हिमालय एयरलाइन्सले खाडी क्षेत्रको उडान रद्द हुँदा आफ्नो क्यासफ्लोमा ८० देखि ९० प्रतिशतसम्म नकारात्मक असर पर्ने दाबी गरेको छ। 'अहिले २०-२२ दिनमै गाह्रो साह्रो भन्न मुस्किल छ। तर एयरलाइन्सको बिजनेस क्यासफ्लोमा आधारित हुने भएकाले असर देखिएको छ,' उपाध्यक्ष श्रेष्ठले भने, 'मध्यपूर्वको उडान नहुँदा हिमालयले दैनिक २ लाख डलर (२ करोड ९९ लाख रुपैयाँ) हाराहारी

(बाँकी तेस्रो पेजमा)

# अन्तर्राष्ट्रिय समाचार

## शुक्रबार आक्रमणमा परेको डिएगो गार्सिया अमेरिकाका लागि किन महत्वपूर्ण छ ?



*काठमाडौँ, चैत ८*

इरानले शुक्रबार हिन्द महासागरमा रहेको टापु डिएगो गार्सियामा मिसाइल प्रहार गरेको आरोप बेलायतको रक्षा मन्त्रालयले लगाएको छ। इरानी अधिकारीहरूले मिसाइल प्रहारमा आफ्नो संलग्रुनता स्विकारिसकेका छैनन्। तर, आशंका इरानमाथि नै छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकासम्मै मार हान्नसक्ने मिसाइल इरानसँग रहेको दाबी गरेका थिए, जो अहिलेसम्म पुष्टि भइसकेको छैन।

तर, आक्रमणमा संलग्रुनता पुष्टी भएमा इरानले आफैं दाबी गरेभन्दा शक्तिशाली हतियार ऊसँग रहेको संकेत मिल्छ। यसअघि इरानसँग २ हजार किलोमिटर परसम्म मार हान्नसक्ने ब्यालेस्टिक मिसाइल रहेको अनुमान सुरक्षाविद्रुहरूले गरेका थिए। तर डिएगो गार्सिया इरानबाट ४ हजार किलोमिटर पर पर्छ।

हिन्द महासागरबीचमा रहेका चागोस द्वीपसमूहका ६० भन्दा बढी टापुहरूको शृंखलामध्ये डिएगो गार्सिया एक हो। यी टापुहरु माल्दिभ्स र मोरिससको बीचमा पर्छन्। डिएगो गार्सियामा एक र चागोस द्वीपसमूहको अर्को एक टापुमागरी कुल दुई मिसाइल प्रहार भएको बेलायतको आरोप छ।

तर, मिसाइल यस टापुसम्मै पुग्यो वा केही नजिक खसे भन्ने स्पष्ट छैन। बेलायतले यस आक्रमण असफल भएको दाबी गरेको छ। डिएगो गार्सिया टापुमा बेलायत र अमेरिकाको संयुक्त सैन्य हवाई अड्डा छ। यस अड्डामा झन्डै २ सय जना कर्मचारी कार्यरत छन्।

विगतमा भियतनाम, अफगानिस्तान तथा इराक युद्धमा अमेरिका-बेलायतले मिलेर यस सैन्य अड्डाबाट हवाई आक्रमण गरेका थिए। यस टापुमा रहेको सैनिक विमानस्थलले एशिया-प्यासेफिक, पश्रुचिम एशिया, दक्षिण एशिया तथा अफ्रिकासम्म प्रभूत्व कायम राख्रुन सघाउँछ। त्यहीकारण पनि यसलाई महत्वपूर्ण मान्रुने गरिएको छ।

गत वर्ष अमेरिकाले यमनका हुथी विद्रोहीहरुमाथि हवाई आक्रमण गर्दा पनि यस टापुबाट आणविक क्षमता भएका बी-२ स्पिरिट बमवर्षकहरू पठाइएको थियो।

इरानमाथि अमेरिका-इजरायलले २८ फेब्रुअरीमा आक्रमण सुरु गरेका थिए। युद्ध सुरु भएको केही दिनमै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेलायत-अमेरिकामा स्वामित्वमा रहेको यस विमानस्थललाई युद्धमा प्रयोग गर्ने इच्छा व्यक्त गरेका थिए। तर, बेलायतले प्रयोग गर्न दिएन।

त्यसपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बेलायतका प्रधानमन्त्री केर स्टार्मरको ठूलो आलोचना गरे। दबाबमा आएका स्टार्मरले केही दिनअघिमात्रै डिएगो गार्सिया टापु र यससँगै जोडिएको अर्को एक टापुमा रहेको विमानस्थल अमेरिकालाई प्रयोग गर्न दिने बताएका थिए।

इरानका आणविक केन्द्रहरुमा आक्रमण गर्नका लागि अमेरिकालाई यस विमानस्थल प्रयोग गर्न दिइने बेलायतले बताएको थियो। उसले यस्तो कदमलाई रक्षात्मक भनेर व्याख्या गरेको छ। यद्यपी, इरानले यस कदमको विरोध गर्दै बेलायत युद्धमा प्रत्यक्ष संलग्न भएको आरोप लगाएको थियो। यस कदमले बेलायतीहरुको जीवन जोखिममा परेको आरोप पनि उसले लगाएको थियो।

डिएगो गार्सिया चागोस द्वीपसमूहको एक हिस्सा हो, हिन्द महासागरबीचमा रहेका ६० भन्दा बढी टापुहरूको शृंखलामध्ये डिएगो गार्सिया एउटा टापु हो। यी टापुहरु माल्दिभ्स र मोरिससको बीचमा पर्छन्। सन् १८१४ मा फ्रान्सले यस टापु छाडेसँगै बेलायतीहरुले नियन्त्रणमा लिए।

१९६० र १९७० को दशकमा, बेलायतले डिएगो गार्सियाबाट २,००० जना स्थानीयले हटायो। त्यसपछि यहाँ अमेरिकी सेनाले संयुक्त सैन्य विमान बनायो।

यसरी जर्बजस्ती स्थानीयलाई हटाउने कामको लामो समयदेखि आलोचना हुँदै आएको छ। संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय न्याय अदालतले बेलायतलाई चागोस द्वीपसमूहका टापुहरूमा खडा गरिएको उपनिवेश अन्त्य गर्न र मोरिसियसलाई यी टापुहरु हस्तान्तरण गर्न आग्रह गर्दै आएका छन्।

लामो वार्तापछि, बेलायत सरकारले गत वर्ष मोरिसियसलाई टापुहरूको सार्वभौमिकता हस्तान्तरण गर्ने सम्झौता गरेको थियो। उक्त सम्झौतालगत्तै मोरिसियससँग ९९ वर्षका लागि डिएगो गार्सिया विमानस्थल भाडामा लिने र सञ्चालन गर्ने बेलायतको योजना थियो। यसले

## खाडीमा ......................

कारोबार गुमाइरहेको छ।'

हिमालयले अहिलेको हिउँदे तालिकाअनुसार, दोहा, दुबई, दमाम र कुवेतका साप्ताहिक २४ उडान गुमाइरहेको छ। यी रुटमा उसले १ सय ८० सिट भएका तीन वटा एयरबस ए-३२० र १ सय ४४ सिट क्षमताको एयरबस ए-३१९ गरी चारवटा जहाज सञ्चालन गर्दै आएको छ।

हिमालयमा जस्तै आर्थिक कारोबारमा असर नेपाल वायुसेवा निगमले पनि बेहोरिरहेको छ। तर हिमालयको तुलनामा निगमको कारोबार घाटा कम छ। किनकि निगमले भारतका तीनवटा सहर दिल्ली, बैंग्लोर, मुम्बई र बैंकक, क्वालालम्पुर, हङकङ एवं जापानको नारितामा पनि उडान गर्छ। यी रुटमा हिमालयले उडान गर्दैन।

नेपालबाट पूर्वी एसियामा हिमालयले मलेसियाको क्वालालम्पुरमा दिनहुँ उडान गर्छ। उसको नियमित उडान हुने यो मात्रै एउटा गन्तव्य बाँकी छ। पोखराबाट सातामा एक र काठमाडौंबाट सातामा दुई गरी तिब्बतको ल्हासामा हिमालयले उडान राखेको छ। 'यो रुटमा यात्रु डिमान्ड अत्यधिक न्यून छ। बंगलादेशको ढाकामा पनि उडान राखेका छौं तर त्यो यात्रुको माग भई आए मात्रै हुन्छ। त्यसैले हाम्रो कारोबारको ८० प्रतिशत हिस्सा खाडी नै हो, जसले हामीलाई प्रभावित पारेको छ,' उपाध्यक्ष श्रेष्ठले भने।

खाडी रुटमा दुईतर्फी यात्रुको चाप ८० प्रतिशतभन्दा बढी हुने भएकाले घरेलु वायुसेवा प्रायः घाटामा हुँदैनन्। किनकि यी श्रम गन्तव्यका 'प्वाई-टु-प्वाइट' रुटमा कामदारको आवागमन वर्षभर भइरहने तथ्यांकमा देखिन्छ।

यता नेपाल वायुसेवा निगमले पनि दिनको सवा दुई करोड रुपैयाँ बराबर खाडीमा हुने उडानबाट व्यापार गुमाइरहेको निगमको प्रक्षेपण छ। 'दोहा, दुबई र दमाममा साप्ताहिक १३ वटा उडान हुन्थे,' निगमका कार्यकारी निर्देशक अमृतमान श्रेष्ठले भने, 'खाडीमा सिर्जना भएको युद्धको असरले सवा २ करोड रुपैयाँ हाराहारीको यात्रु तथा कार्गोबाट हुने व्यापार निगमले गुमाइरहेको छ।'

निगमले यात्रु उडानमा आन्तरिक र बाह्य अनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थमला स्वदेशी र विदेशी वायुसेवाको जहाजलाई भूमिस्थ सेवा (ग्राउन्ड ह्यान्डलिङ) को काम पनि गर्छ। काठमाडौंमा ३० वटा वायुसेवाले अन्तर्राष्ट्रिय उडान गर्छन्। यीमध्ये २७ वटा वायुसेवा कम्पनीलाई निगमले ग्राउन्डमा उपकरण, लगेज ओसारपसार, जहाजहरूको साधारण मर्मत र सफाइमा सेवा दिन्छ। यो कारोबारबाट निगमले वार्षिक ३ अर्ब रुपैयाँ आम्दानी गर्छ।

खाडीको अवरोधपछि निगमले अहिले दिनको कम्तीमा १५ वटा वायुसेवाको ग्राउन्ड ह्यान्डलिङ गुमाइरहेको छ। निगमले न्यारोबडी जहाजको २२ सय डलर (३ लाख २४ हजार रुपैयाँ) र वाइडबडीको २४ सय डलर (३ लाख ५४ हजार रुपैयाँ) आम्दानी गुमाइरहेको छ। यस हिसाबले निगमले दैनिक ५० लाख रुपैयाँ ग्राउन्ड ह्यान्डलिङबाट गुमाइरहेको छ। निगमले शुक्रबारसम्म २१ दिनमा अन्तर्राष्ट्रिय उडान र ग्राउन्ड ह्यान्डलिङबाट कम्तीमा ५५ करोड आम्दानी गुमाइसकेको अनुमान गर्न सकिन्छ। निगमले अबको केही महिनापछि आफ्ना दुइटा वाइडबडी विमानका चारवटा इन्जिन मर्मत गराउनुपर्ने तालिका छ। यो कामका लागि उसलाई १० अर्ब रुपैयाँ चाहिनेछ। खाडीको व्यापार गुमाउनुपर्दा वाइडबडीको इन्जिनको ओभरहल काम नै प्रभावित हुने कार्यकारी निर्देशक श्रेष्ठ बताउँछन्।

खाडीको युद्धको असरपछि नेपाल वायुसेवा निगमले अहिले सञ्चालनमा रहेका जापान र नयाँदिल्लीमा उडान थप्न छलफल गरिरहेको छ। दिल्ली, बंगलादेशको ढाका, ओमान, नारिता, मलेसियामा उडान संख्या वृद्धि गर्न निर्देशकहरूसँग छलफल गरिरहेको कार्यकारी निर्देशक श्रेष्ठले पुष्टि गरे। 'दिल्लीमा अहिले सातामा १० उडान गर्दै छौं। ३ दिन बिहान र बेलुकी गरी दुई र बाँकी ४ दिनको एकका दरले साप्ताहिक १० वटा उडान गर्दै छौं। भारतबाट अनुमति पनि आइसकेको छ,' श्रेष्ठले भने, 'खाडीको असरले अहिले निगमले ग्राउन्ड ह्यान्डलिङ र उडान दुबैबाट गर्दा कुल आम्दानीको एकतिहाइ आम्दानी गुमाउनुपरेको छ।'

निगमले क्षेत्रीय उडानमा न्यारोबडी पठाउँदा दुईतर्फी कम्तीमा ७० लाख र वाइडबडी उडानमा १ करोड ३० लाख रुपैयाँ बराबरको कारोबार गर्छ। निगमको वार्षिक आम्दानी २२ अर्ब हाराहारी छ।

खाडी प्रभावित भएको तीन सातायता निगमले दुइटा र हिमालय एयरलाइन्सले ७ वटा काठमाडौं-दुबई-काठमाडौं यात्रु उद्धार उडान सञ्चालन गरेका थिए। यस्तो अवस्थामा उडान गर्दा सामान्य अवस्थाको भन्दा अतिरिक्त बिमा अनिवार्य गर्नुपर्छ। निगमका उच्च अधिकारीहरूका अनुसार, यस्तो बिमा गर्दा प्रतिउडान ९२ हजार डलरको बिमा गर्नुपर्छ। यो वायुसेवाहरूको अतिरिक्त खर्च हो। यदि युद्ध क्षेत्रमा उडान गर्दा बिमा नगरेमा भवितव्य भइहाले कुनै पनि जोखिम कभरेज हुँदैन।

निगम र हिमालय एयरलाइन्सले जस्तै काठमाडौं विमानस्थलले पनि खाडी क्षेत्रका लागि हुने दैनिक कम्तीमा १७ उडान कटौती हुँदा वायुसेवा कम्पनीबाट प्राप्त गर्ने एयर न्याभिगेसन, ल्यान्डिङ, पार्किङ, यात्रु सेवा शुल्क, सुरक्षा शुल्कलगायत शीर्षकमा आम्दानी गुमाइरहेको नेपाल नागरिक उड्डयन प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भुलले बताए। 'खाडीबाट हुने उडान रद्द हुँदा काठमाडौं विमानस्थलले १६ फागुनपछि दिनको २ करोड १० लाख रुपैयाँ हाराहारी आम्दानी गुमाउनुपरेको छ,' भुलले भने। काठमाडौं विमानस्थलले जहाजको प्रकार र अधिकतम तौलका आधारमा न्यूनतम ४ हजार डलर र अधिकतम वाइडबडीको ८ हजार डलर शुल्क लिन्छ। काठमाडौं विमानस्थलले जस्तै हवाई इन्धनको व्यापार आयल निगमले पनि गुमाइरहेको छ।

काठमाडौंबाट खाडीका कतार र दुबईमा अत्यधिक मात्रामा हरियो तरकारी निर्यात हुन्थ्यो। तर उडान कटौतीले तीन सातायता नेपाली किसानको तरकारी निर्यात हुन सकिरहेको छैन। उडान कटौती हुँदा नेपालबाट छोटो र लामो दूरीको हवाई कार्गो ढुवानीमा पनि असर परेको नेपाल फ्रेट फर्वाडिङ एसोसिएसनका अध्यक्ष राजेन्द्र संग्रौला बताउँछन्। 'भारतलगायत छोटो दूरीमा अन्तर्राष्ट्रिय गन्तव्यमा १ सयदेखि डेढ सय रुपैयाँ किलोग्रामका दरले कार्गो ढुवानी भइरहेको थियो, ५० रुपैयाँ वृद्धि भएर २ सय पुगेको छ,' संग्रौलाले भने, 'अमेरिका, अस्ट्रेलियालगायत लामो दूरीका देशमा ५ सय ५० रुपैयाँ प्रतिकिलो कार्गो थियो। २ सय रुपैयाँले वृद्धि भई कार्गो प्रतिकिलो साढे ७ सय रुपैयाँ हवाई भाडा पुगेको छ।'

नेपालमा रहेका फ्रेट व्यवसायीले दिनको काठमाडौंबाट ३५ देखि ५० टनसम्म कार्गो जहाजबाट भारतलगायत विभिन्न मुलुकमा पठाउँछन्। सामान्य दिनमा नेपालबाट १० टन हाराहारी हरियो तरकारी खाडी मात्रै जाने गरेको अध्यक्ष संग्रौलाले जनाए। अहिले दिनको १ करोड ४० लाख रुपैयाँ अतिरिक्त हवाई कार्गोमा मूल्य वृद्धि भएको उनको भनाइ छ।

ट्राभल एजेन्टहरूले हाल देखिएको घाटा केवल सुरुवात मात्र हुन सक्ने भनेका छन्। खाडी क्षेत्रको तनाव लम्बिए यसको प्रभाव पर्यटन, होटल, वैदेशिक रोजगार, व्यापार अनि समग्र अर्थतन्त्रमा फैलिन सक्ने उनीहरूको दाबी छ। 'नेपाल जस्तो आयात निर्भर र उड्डयन आश्रित अर्थतन्त्रका लागि यस्तो बाह्य संकटले धेरै संरचनामा असर पार्न सक्छ,' नेपाल पर्यटन बोर्डका बोर्ड सदस्य तथा ट्राभल व्यवसायी कुमारमणि थपलियाले भने, 'उडान संकुचन हुँदै गएमा यसको पहिलो प्रत्यक्ष असर काठमाडौंमा भएका ट्राभल एजेन्सीमा देखिनेछ।'





**रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पताल**

सस्तो, भरपर्दो, सुविधा सम्पन्न र गुणस्तरीय नेत्र परीक्षण एवं उपचारमा विगत ४० वर्षदेखि नेत्ररोगीहरूको सेवा समर्पित यस अस्पतालमा अत्याधुनिक फेको प्रविधि (Phacoemulsification) बाट मोतियाविन्दुको अप्रेशन सेवा उपलब्ध छ।

- नयाँ स्विस फेको (अल्ट्रासाउण्ड) मेशिनबाट अप्रेशन हुने।
- धेरै सानो (२ वा ३ मि.मि) चिरा।
- उच्च गुणस्तरीय विदेशी (foldable Lens) लेन्स।
- अप्रेशनको अर्को दिनदेखि नै पूर्ण दृष्टि।
- अप्रेशनको ४ वा ५ घण्टापछि घर जान पाउने।
- अप्रेशनको भोलि वा पर्सीदेखि नै आफ्नो काममा जान पाउने।

सम्पर्कः- परवानीपुर, वीरगंज, नेपाल
फोन नं. ००९७७-५१-६२०४८२, ६२१५६०
email:- rmkeh@ntc.net.np, info@kediaeyes.org, Visit us:- www.kediaeyes.org

## हरि खेतानका..........

गरिएको थियो । प्रदर्शनमा सहभागी कक्षा १२ को शिक्षा संकायमा अध्ययनरत छात्र ओशष साहले क्याम्पसा विगत १ वर्षदेखि व्यवस्थापन र शिक्षकबीचको द्वन्द्व चलिरहेका कारणले आँफुहरुको भविष्य बर्बाद भइरहेको बताए ।

आइतबारदेखि सुरु हुने भनिएको परीक्षा दिन क्याम्पसमा पुग्दा परीक्षा स्थगीत गरिएको भन्दै क्याम्पसभित्र प्रवेश नै गर्न नदिएको उनले बताए । उनले भने,' हाम्रो १ वर्षदेखि कुनैपनि आन्तरिक परीक्षा हुन पाएको छैन । सरहरुले आन्दोलनका बहानामा पढाउनै छाड्नु भएको छ । परीक्षा दिनबाटसमेत बञ्चित पारिएपछि हामीहरु बाध्य भएर सडकमा उत्रिनु परेको हो ।'

परीक्षा दिन क्याम्पसभित्र प्रवेश गर्न खोज्दा उल्टै प्रहरीले लाठी चार्ज गर्नका साथै तीन जना विद्यार्थीलाई पक्रेर पनि लगेको उनले बताए ।हरिखेतानका विद्यार्थीहरुको आन्दोलनलाई समर्थन जनाउँदै प्रदर्शनमा सहभागी ठाकुरराम बहुमुखी क्याम्पसका स्ववियु सभापति राजकुमार यादवले सामुदायिक क्याम्पस हरिखेतानलाई सञ्चालक समितिमा रहेकाहरुले निजीकरण गरेर बर्बाद पारेको आरोप लगाए । उनले क्याम्पस व्यवस्थापन पक्ष र शिक्षकहरुबीचको आपसी द्धन्द्धले विधार्थीहरुको भविष्य बर्बाद भइरहेको बताए।

क्याम्पस सञ्चालक समितिका सल्लाहकार जयप्रकाश खेतानले भने शिक्षकहरुले विद्यार्थीहरुलाई उचालेर क्याम्पसको शैक्षिक वातावरण विगारिरहेको बताए । नाजाय माग राखेर शिक्षकहरुले आन्दोलन गरेको कारण उनिहरुको माग व्यवस्थापन पक्षले पुरा गर्नसक्ने अवस्था नरहेको उनको भनाई थियो ।

***तीन बुँदे निर्णयपछि प्रदर्शन स्थगीत***

क्याम्पस व्यवस्थापन पक्ष र शिक्षकहरुबीचको आपसी द्वन्द्वको चेपुवामा परेर परीक्षाबाट बञ्चित भएका विद्यार्थीहरुको प्रदर्शन आइतबार साँझ जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवालाहरु सहभागी बैठकले तीन बुँदे निर्णय गरेपछि रोकिएको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको रोहबरमा बसेको बैठकमा आन्दोलनरत विद्यार्थीका अगुवा , क्याम्पस सञ्चालक समितिका प्रतिनिधि र क्याम्पसका प्राध्यापकहरु सहभागी थिए । उक्त बैठकले क्याम्पस प्रशासनले आइतबारदेखि स्थगीत गरेको परीक्षा र पठनपाठन तत्काल सञ्चालन गर्ने ,आन्दोलनका क्रममा घाइते विद्यार्थीहरुको उपचारको व्यवस्था क्याम्पस प्रशासनले मिलाउने निर्णय गरेको प्रजिअ दाहालले जानकारी दिए ।

यस्तै बैठकले विद्यार्थीका अन्य माग तथा समस्याका सम्बन्धमा क्याम्पस सञ्चालन समिति, क्याम्पस प्रशासन र विद्यार्थीहरुबीच सोमबार पुन जिल्ला प्रशासन कार्यालयमै बैठक बस्ने निर्णय पनि गरेको दाहालले जानकारी दिए ।

## सवारी..............................

बालबालिकासहित ४२ पुरुष र तीन महिला छन्। अघिल्लो वर्षको तुलनामा यो वर्ष ज्यान गुमाउनेको संख्या घटे पनि समग्रमा प्रत्येक महिना नागरिकले ज्यान गुमाएका देखिन्छ।

आर्थिक वर्ष ०८०/८१ मा ४३ पुरुष, सात महिला र एक बालिका गरी ५१ जनाले सवारी दुर्घटनामा परी ज्यान गुमाएका थिए। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक कटुवालका अनुसार आव ०७९/८० मा ३९ जनाको मृत्यु भएको देखिन्छ। जसमा २९ पुरुष, पाँच महिला र पाँच बालबालिका छन्। यसैगरी, आव ०७८/७९ मा ३० पुरुष, दुई महिला र ६ बालबालिका गरी ३८ जनाले ज्यान गुमाए।

## कोइलाको ................

बारम्बार यस विषयमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँदा समेत वास्ता नगरेको बताए । 'कोइला तत्काल सुख्खा बन्दरगाहमा अनलोड बन्द होस् ।

यसबाट छेउको गाउँ मात्रै नभई अन्य क्षेत्र समेत प्रभावित भैरहेको अवस्था छ', उनले भने । यसकाविरुद्ध केही दिनमै बन्ने सरकारमा डेलिगेसन जाने वडाध्यक्ष चतुर्वेदीको भनाइ छ ।

बन्दरगाह क्षेत्रमा मकै, सोयाबिन, चामल, चिनी, नुन जस्ता खाद्य सामग्री र मलसमेत ठूलो मात्रामा भण्डारण तथा ढुवानी हुने गर्दछ । यस्तो अवस्थामा कोइलाको धुलो यी वस्तुहरूमा मिसिन सक्ने जोखिमले खाद्य सुरक्षा र जनस्वास्थ्यमा गम्भीर असर पार्ने सम्भावना पनि रहेको देखिन्छ ।

## दम्पती ................

खबर गरेका थिए। अहिलेसम्म उनीहरूको सनाखत भने हुन नसकेको पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए।

बस्नेतका अनुसार दम्पतीको शवलाई नारायणी अस्पतालमा पोस्टमार्टमका लागि पठाइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## गगनले ........................

उपसभापति समक्ष विधानको धारा २६ (१) वमोजिम पेश गर्नुभएको राजीनामालाई केन्द्रीय कार्यसमितिको यस बैठकले सर्वसम्मत रूपमा अस्वीकृत गर्ने निर्णय गरेको छ,' चालिसेले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

# सूर्यविनायक-धुलिखेल सडक विस्तारमा चाहिएको १ अर्ब, दिइयो १५ करोड

*काठमाडौं, ८ चैत ।* अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडक विस्तारमा माग गरेअनुसार अझै बजेट उपलब्ध हुन सकेको छैन । दुई जिल्ला भक्तपुर र काभ्रे जोड्ने १५.८ किलोमिटर सडक विस्तारमा चालु आर्थिक वर्षमा विनियोजन भएको बजेट अपुग भएको हो । चालु आर्थिक वर्षमा आयोजनाले ३ अर्ब रुपैयाँ माग गरेको थियो । तर सडक र पुल निर्माणका लागि ७० करोड रुपैयाँ मात्र विनियोजन भएको थियो, जसमा ६० करोड सडक विस्तारमा र १० करोड पुल निर्माणका लागि छुट्याइएको थियो । उक्त रकम अपुग भएर निर्माणकै क्रममा थप १५ करोड रुपैयाँ पाए पनि त्यो पनि सकिइसकेको सूर्यविनायक-धुलिखेल सडक आयोजनाका प्रमुख विजयकुमार महतोले बताए । 'रफ्तारमा काम भइरहेको छ, तर पर्याप्त बजेट छैन,' महतोले भने, 'बजेट अभावले काम नै रोकिसकेको छैन, माग गरेअनुसार बजेट नआए काम प्रभावित बन्ने जोखिम धेरै छ ।' समयमै बजेट उपलब्ध गर्न माग गरिरहेको उनको भनाइ छ । 'चालु आर्थिक वर्षमा अब कम्तीमा एक अर्ब चाहिन्छ,' उनले भने, 'दुवै खण्डमा नाली बनाउने काम सकिने चरणमा छ, ठेक्का भएको एउटा खण्डमा कालोपत्र भइरहेको र अर्को खण्डमा सुरु गर्ने तयारी छ ।' बेस र सबबेस राखेर कालोपत्र गर्ने तयारी भइरहेको उनको भनाइ छ । यही सडक भएर सवारीसाधन बीपी राजमार्ग हुँदै पूर्वी पहाड र तराईका जिल्ला पुग्ने गरेका छन् । 'तत्काललाई ६० करोड रुपैयाँ माग गरिएको हो, सडक विभागले २० करोड रुपैयाँ रकमान्तरका लागि सिफारिस गरेर अर्थ मन्त्रालयमा पठाएको छ,' महतोले भने, 'तर अहिलेसम्म खातामा पैसा आइसकेको छैन ।' यो सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का गरिएको छ । रकमान्तर माग गरेर अर्थमा पठाइसकिएको सडक विभागका महानिर्देशक विजय जैसीले जनाए । 'काम भइरहेका आयोजनाको बजेट रोक्न भएन,' उनले भने, 'यस खण्डमा राम्रो काम भइरहेको छ, बजेट अभाव नभए कामको गति बढ्ने थियो ।' सडक विभागबाट २० करोड रुपैयाँ माग भई आएकाले जुन उपलब्ध गराउने प्रक्रियामा रहेको अर्थ मन्त्रालयका सहसचिव एवं प्रवक्ता टंकप्रसाद पाण्डेयले बताए । 'सूर्यविनायक-धुलिखेल सडक विस्तारका लागि बजेट माग भई आएको छ,' उनले भने, 'जुन प्रक्रियामा रहेकाले एक/दुई दिनभित्र उपलब्ध हुन्छ ।' दुई खण्डमध्ये एउटा खण्ड हो, सूर्यविनायक-साँगा । यो खण्डको दूरी ७.५ किमि छ । यस खण्डको ठेक्का आशिष-कुमार श्रेष्ठ-बन्धन भगवती जेभीले २४ पुस २०७९ मा लिएको हो । जसको ठेक्का रकम ३ अर्ब ८८ करोड ९३ लाख रुपैयाँ रहेकामा प्रगति ४८ प्रतिशत छ । यस खण्डमा कालोपत्र भइनसकेको र दुई किमिमा कालोपत्र गर्ने तयारी हुँदै छ । अहिले सूर्यविनायकदेखि जगातीसम्म कालोपत्र गर्न लागिएको हो । 'अबको ८/१० दिनभित्र यस खण्डमा कालोपत्रको काम सुरु हुन्छ,' पाण्डेयले भने, 'साँगा खण्डमा १ किमि अन्डरपास बनिरहेको छ, यसको काम ६० प्रतिशत सकिसकेको छ,' प्रमुख महतोले भने, 'आउने बर्खाअघि नै अन्डरपासबाट सवारीसाधन आउजाउ गर्न पाउनेछन् ।'


# देवताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**पिप्राढीगोठ, बारा (मधेश प्रदेश)**

## समाजिक विकास कार्यक्रम संचालन सम्बन्धि सूचना

प्रथम पटक सुचना प्रकाशन मिति :- २०८२/१२/०९ गते

प्रस्तुत विषयमा देवताल गाउँपालिकाको कार्यालय पिप्राढीगोठ, बाराको चालु आ.व. २०८२/०८३ को लागि १४औं गाउँ सभाको स्वीकृत बजेट अनुसार तपशिल बमोजिमको कार्यक्रमहरु देवताल गाउँपालिकाले संचालन गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित भएको मिति देखि २० दिन भित्र विस्तृत वजेट सहितको सुचिकृत फर्मले प्रस्तावना पत्र पेश गर्नको लागि यो सुचना प्रकाशन गरिएको छ । म्याद समाप्त भई आएको प्रस्तावना पत्र उपर कुनै कारवाही हुनेछैन । अन्य व्यवस्था सार्वजनिक खरिद ऐन बमोजिम हुनेछ । पेश भएको प्रस्तावनाहरु स्वीकृत अस्वीकृत गर्ने सम्पूर्ण अधिकार देवताल गाउँपालिकामा निहित हुनेछ । तोकिएको न्यून्तम योग्यता पुगेको उम्मेदवारहरुले देवताल गाउँपालिकाको कार्यालयमा दरखास्त आवेदन दिनुपर्ने हुन्छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछि कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित बजेट रकम | वडा नं. | दस्तुर |
|---|---|---|---|---|
| १. | बैदेशिक रोजगार सम्बन्धि जनचेतना मुलक कार्यक्रम | ५,००,०००।- | वडा नं. ७ (वडा स्तरीय) | ५००।- |

**दरखास्त दिने अन्तिम मिति :-** २०८२/१२/२८ गते कार्यालय समय भित्र ।
**दस्तुर बुझाउने स्थान :-** देवताल गाउँपालिकाको राजश्व शाखामा ।
**दस्तखत दिने स्थान :-** देवताल गाउँ कार्यपालिकाको कार्यालय पिप्राढी गोठ, बारा ।
**आवश्यक पर्ने कागजातहरु :-** कर चुक्ता प्रमाण पत्र, सुचिकृत प्रमाण पत्र, संस्थागत निवेदन, प्रस्ताव माग गर्ने सार्वजनिक निकाय गत निवेदन, प्रस्तावित कार्यको प्रकृति, परिमाण र अन्य आवश्क विवरण, प्रस्तावित कार्य गर्नुपर्ने स्थान र सम्पन्न गर्नुपर्ने अवधि, प्रस्ताव दाखिल गर्नुपर्ने अन्तिम मिति र स्थान, प्रस्तावको ढाँचा, प्रस्तावदाताले प्रस्तावसाथ पेश गर्नुपर्ने कागजात, भुक्तानिका शर्त र कर कट्टी, सार्वजनिक खरिद अनुगमन कार्यालयले आवश्यक ठानेका अन्य कुरा ।
**नोट :-** अन्य जानकारीको लागि सामाजिक विकास शाखा वा मो नं. ९८५५०४८५९० मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत


## मिटरब्याज.............

पुनर्संरचना तथा राहतको व्यवस्था गर्न सरकारसँग आग्रह गर्दै मिटरब्याजी विरुद्ध किसान मजदुर आन्दोलन, नेपाल (भोजपुरा कमाण्ड)का तर्फबाट ६ बुँदे मागपत्र समेत सार्वजनिक गरेका छन्। चन्द्रनिगाहपुरका पीडित नारायण घिमिरे, अर्जुन फुयाँल र रामबाबु महतो सुढिले आफूहरू ब्याज तिर्दा तिर्दा सडकमा आइसक्दा समेत ऋण नसकिएको बताउँछन्। 'मिटरब्याजसँग सम्बन्धित सम्पूर्ण जाली तमसुक, दृष्टिबन्धक, रजिस्ट्रेसन तथा फर्जी चेकहरू मन्त्रिपरिषद् स्तरबाट अवैध घोषणा गरी खारेज गर्नुपर्छ, अर्का पीडित भन्छन्- मिटरब्याज अपराध उन्मूलनका लागि कडा विशेष ऐन निर्माण गर्नुपर्ने आफूहरूको माग हो।'

पीडितमैत्री 'मिटरब्याज विरुद्ध न्यायाधिकरण' गठन गरी मुद्दाहरू स्थगित गर्नुपर्ने तथा जेलमा रहेका पीडितहरूलाई रिहा गर्नुपर्ने, साहु-महाजनले अवैध रूपमा जोडेको सम्पत्तिको छानबिन गर्नुपर्ने,हडपिएको चल-अचल सम्पत्ति फिर्ता गराउनुका साथै हिंसा तथा दुर्व्यवहारका घटनामा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, साना व्यवसायी तथा उद्यमीहरूका लागि सहुलियतपूर्ण वित्तीय कार्यक्रम ल्याई न्यायपूर्ण आर्थिक कारोबारको वातावरण निर्माण गर्नुपर्ने, आन्दोलनकारीहरूले स्थानीय प्रशासनमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै यथाशीघ्र समस्या समाधान नभए आन्दोलन अझ सशक्त बनाउने चेतावनी दिएका छन् ।

## चैती छठ ................

चोखोनीतो खाने चलन छ ।

शरद र वसन्त ऋतुमा गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य उपासनाको पर्ब हो । शरद ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्ब सम्पन्न गरिन्छ । मधेसमा छठ जनजन परिचालन हुने महापर्ब मानिन्छ । यद्यपि कातिकको छठ जति चैती छठ पर्ब मनाउने भने देखिँदैनन्।

छठ पर्बको पहिलो दिन 'नहाय-खाय', दोस्रो दिन दिनभरि उपवास बसेर राति सख्खरमा पकाइएको खिरमात्र खाएर 'खरना', तेस्रो दिनअर्थात् षष्टि तिथिमा निराहार उपवास बसेर साँझ अस्ताउँदो सूर्यलाई पवित्र जलाशयको घाटमा गएर पानीमा उभिएर अर्घ्य दिइन्छ, जसलाई 'सँझिया घाटको अरघ' भनिन्छ। अन्तिम दिन सप्तमीका दिन बिहान उदाउँदा सूर्यलाई घाटमै अर्घ्य दिएर पर्ब सम्पन्न गरिन्छ। यो विधिलाई 'भोरघाटको अरघ ' र 'पारन' पनि भनिन्छ ।

छठ पर्बमा ठेकुवा, केरा, उखु, सुन्तला,निमुवा, बोडी, सुथनी, मुला लगायतका फलफूल र हरयो तरकारी व्रतालुले अर्घ्यका बेला सूर्यतर्फ देखाउने गर्छन् । छठ सूर्य र सूर्यपत्नी षष्टीको उपासनाको पर्ब हो। यो व्रतको प्रभावले हरेक मनोकांक्षा पूरा हुने विश्वास गरिन्छ । व्रत प्रभावले छालाजन्य रोग कहिल्यै नलाग्ने जनविश्वास छ ।

प्रकाशक / सम्पादकः महेशचन्द्र गौतम ९८४५०२१७१७, प्रमुख सम्वादाताः- हरिशंकर शर्मा, सम्वाददाताः- सत्यनारायण यादव
कानूनी सल्लाहकारः बालमकुन्द खरेल, कार्यालय - वीर्ता, वडा नं. 8, वीरगंज, E–mail :- sarwarastriyadainik@gmail.com, मूद्रक- पौडेल प्रकाशन समूह, माईस्थान, बीरगंज